# प्रेस विज्ञप्ति- ३५८

# Press Release- 358

लागु औषध नियन्त्रण ब्यूरो
कोटेश्वर, काठमाडौ
मिति: २०८१।०३।१९ गते।

## लागु औषध कोकिन १ किलो २४७ ग्राम सहित २ जना विदेशी नागरिकहरु पक्राउ

विभिन्न मुलुकहरुबाट नेपाल प्रवेश गरी शंकास्पद गतिविधि गर्ने विदेशी नागरीकहरूको यस ब्यूरोद्वारा निरन्तर निग्रानी गर्दै जाने क्रममा अवैध लागु औषध कोकिनको कारोबारमा संलग्न अन्तराष्ट्रिय गिरोहका निम्न विदेशी नागरिकहरुलाई लागु औषध कोकिन सहित यस व्युरोद्वारा पक्राउ गरिएको छ।

मिति २०८१।०३।०९ गते Quatar Airway को उडान द्वारा नेपाल आएका *तान्जानियन नागरिक* बर्ष ४६ का RAMADHANI SIMBA MWABUMBA र बर्ष ५२ का TWALIB KIPEVU PASHUA लाई जिल्ला काठमाण्डौ का.म.न.पा. १६ ठमेल स्थित एक होटेलबाट अवैध लागु औषध कोकिनका ७२ क्याप्सुल सहित पक्राउ गरिएको छ। निजहरुको साथबाट फेला परेको क्याप्सुलहरुबाट जम्मा **१ के.जी. २४७ ग्राम लागु औषध कोकिन** बरामद गरिएको छ। उक्त प्लाष्टिक कोटेड कोकिनका क्याप्सुलहरु निजहरुले Ethopia को Addis Ababa पुगी निलेर (Swallow) काठमाण्डौ आएको अनुसन्धानको क्रममा खुल्न आएको छ।

साथै निजहरू उपर लागु औषध नियन्त्रण ऐन, २०३३ वमोजिम आवश्यक कारवाही भईरहेको जानकारीका लागि अनुरोध।

***नोट:- बरामद गरिएको लागु औषध कोकिनको अवैध बजार मुल्य अन्दाजी रु. ४ करोड ३७ लाख हुन आउँछ।***








प्रवक्ता/ सूचना अधिकारी
(रामेश्वर कार्की)
प्रहरी उपरीक्षक
सम्पर्क नं.: ९८५११३२७४३


Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal